## मिति २०७९ माघ ११ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको निर्णय कार्यान्वयन तथा समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : ६०/४० लागत साझेदारी योजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. ३ : बहुआयामिक सामुदायिक भवन निर्माणका लागि वडा छनौट सम्बन्धमा ।

प्रस्ताव नं. ४ : वडा नं. १ र २ लाई बालमैत्री वडा घोषणा गर्नको लागि आवश्यक तयारी सम्बन्धमा ।

प्रस्ताव नं. ५ : विधायन समितिबाट पेश भएका ऐन संशोधन सम्बन्धी प्रस्तावहरु सम्बन्धमा ।

- नगर शिक्षा ऐन, २०७५ को तेश्रो संशोधन, २०७९
- अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७९ को पहिलो संशोधन, २०७९
- आर्थिक ऐन, २०७९ को प्रथम संशोधन, २०७९

प्रस्ताव नं. ६ : संगठन संरचना र दरबन्दी पुनरावलोकन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : विभिन्न समितिहरुबाट पेश भएका प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : नगर प्रमुखज्यूबाट नगर सभामा पेश गर्ने प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०७९/०८० को बजेट, आय व्ययको संशोधित अनुमान लगायतका संशोधन प्रस्तावहरु सम्बन्धमा ।

प्रस्ताव नं. १० : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : नगर सभाको तेह्रौं अधिवेशनमा निर्णयार्थ पेश गरिने प्रस्तावहरु सम्बन्धमा ।

प्रस्ताव नं. १२ : खानेपानी योजना निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : जिन्सी विवरण सम्बन्धमा ।

प्रस्ताव नं. १४ : रमाना सम्बन्धमा ।

प्रस्ताव नं. १५ : बेलिब्रिज निर्माण गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

## निर्णयहरु

**निर्णय नं.१ :** मिति २०७९ पौष २८ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

**निर्णय नं.२ :** मेलम्ची नगरपालिका भित्रका ६०/४० लागत साझेदारी कार्यक्रम अन्तर्गत प्राप्त भएका देहाय बमोजिमका योजनाहरुमा प्राविधिक लागत अनुमान बमोजिम साझेदारी कार्यक्रम शिर्षकबाट खर्च हुने गरी देहाय अनुसारको योजना स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | सुर्यमुखी साना किसान कृषि सहकारी संस्था लि. सभाहल निर्माण, मेलम्ची न.पा. १ | |
| २ | गोलखाल्डा कुल देवता मन्दिर निर्माण , मेनपा ५ | |
| ३ | शिव मन्दिर निर्माण, मेनपा १ | |
| ४ | श्री नामडोलिङ साङ्ग गुम्बा निर्माण, मेनपा १२ | |
| ५ | देवीस्थान मन्दिर निर्माण , मेनपा १ | |
| ६ | श्री मुक्तेश्वर महादेव मन्दिर निर्माण तथा संरक्षण , मेनपा १ | |
| ७ | जागेश्वरी खोला तथा गुण कुमारी दुलालको घर संरक्षण, मेनपा ११ | |
| ८ | सिम्लेबेंसी पहिरो तथा बस्ती संरक्षण, मेनपा १० | |
| ९ | दुलालटोल ब्रह्मायणी देवी कुल देवता मन्दिर निर्माण, मेनपा १० | |
| १० | कालिकादेवी मन्दिर संरक्षण, मेनपा ९ | |
| ११ | मुक्तेश्वर महादेव मन्दिर निर्माण, मेनपा १२ | |
| १२ | कालिका सामुदायिक भवन टेवा पर्खाल योजना, मेनपा १२ | |
| १३ | सल्लेखेत किरियापुत्री घर निर्माण,मेनपा ९ | |
| १४ | कालीदेवी मन्दिर निर्माण, मेनपा १ | |
| १५ | रक्तकाली मन्दिर निर्माण, मेनपा १ भञ्ज्याङ्ग | |

**निर्णय नं.३ :** मेलम्ची नगरपालिका क्षेत्र भित्र बहुआयामिक भवन निर्माण गर्नको लागि प्रस्ताव माग गरिएकोमा सम्बन्धित वडाहरुबाट प्राप्त भएका प्रस्तावहरुको अध्ययन गर्दा सामुदायिक भवन निर्माण गर्नको लागि हाललाई मेलम्ची नगरपालिका वडा नं. ३ र ७ छनौट गर्ने निर्णय गरियो । साथै, उक्त वडाहरुले सामुदायिक भवन निर्माणको लागि १५ दिन भित्र आवश्यक पर्ने जग्गा प्राप्त गरी सोको प्रमाणपूर्जा नगरपालिकामा पेश गर्नुपर्ने र अन्यथा वडाले जग्गा प्राप्त गरी प्रमाणपूर्जा पेश गर्न नसकेमा सोको सट्टामा जग्गा व्यवस्थापन भई प्रस्ताव पेश भएका अन्य वडामा बहुआयामिक सामुदायिक भवन निर्माण गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

**निर्णय नं.४** : मेलम्ची नगरपालिका वडा नं. १ र २ लाई बालमैत्री वडा घोषणा गर्नको लागि सम्बन्धित वडा समितिको वैठकबाट निर्णय भई आएकोमा उक्त वडाहरुलाई बालमैत्री वडा घोषणाका सूचकहरुको आधारमा बालमैत्री वडा घोषणाको लागि आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** : मेलम्ची नगरपालिकाको विधायन समितिमा छलफल भई संशोधनका लागि समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका कार्यविधिहरु संशोधन गर्ने र विधेयक संशोधनका लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

(क) कार्यविधिहरु

- अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७९ को पहिलो संशोधन, २०७९

(ख) विधेयक

- नगर शिक्षा ऐन, २०७५ को तेश्रो संशोधन विधेयक, २०७९
- आर्थिक ऐन, २०७९ को पहिलो संशोधन विधेयक, २०७९

*(नोट : नगर शिक्षा ऐन, २०७५ को तेश्रो संशोधन विधेयक, २०७९ कार्यपालिका सदस्य श्री कृष्ण मुरारी चौलागाई बाहेकका अन्य सबै सदस्यहरुद्धारा सर्वसम्मत पास गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो । साथै, कृष्ण मुरारी चौलागाईको फरक मत सोही संशोधन विधेयकको अनुसूचीमा उल्लेख गरिएको छ । )*

**निर्णय नं.६** : मेलम्ची नगरपालिकाको संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्नको लागि विज्ञहरु सहितको परामर्शदाताबाट पेश हुन आएको अनुसूचीमा उल्लिखित प्रतिवेदन आजको यस वैठकमा छलफल भई स्वीकृतिको लागि नगर सभाको तेह्रौं अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** : मेलम्ची नगरपालिकाका विभिन्न समितिहरुबाट प्राप्त भएको अनुसूचीमा उल्लिखित प्रतिवेदन यस वैठकमा छलफल भई स्वीकृतिको लागि नगर सभाको तेह्रौं अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** : मेलम्ची नगरपालिकाका नगर प्रमुखज्यूबाट प्रस्तुत हुने मेलम्ची नगरपालिकाको आ.व. २०७९/०८० को पौष मसान्तसम्मको अनुसूचीमा उल्लिखित प्रगति प्रतिवेदन नगर सभाको तेह्रौं अधिवेशनमा पेश गर्ने गरियो ।

**निर्णय नं.९** : बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएको अनुसूचीमा उल्लिखित आय र व्ययको संशोधित श्रोत अनुमान र संशोधित बजेट तथा कार्यक्रम स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** : मेलम्ची नगरपालिका भित्रका वडा कार्यालयहरुबाट योजना संशोधनको लागि पेश भएको देहाय बमोजिमको योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

तपसिल

| क्र.सं. | नगर सभाबाट विनियोजन भएको योजनाको विवरण | बजेट रु. | हाल संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | धुरेनी खोला टार सिंचाई, मेनपा ५ | २०००००।– | ढकाल टोल पहिरो नियन्त्रण, मेनपा ५ | २०००००।– |
| २ | देउराली मोटर बाटो, मेनपा ५ | २०००००।– | देउराली मोटर बाटो नयाँ ट्र्याक निर्माण, मेनपा ५ | २०००००।– |
| ३ | हुँमागाईं गाउँ मोटर बाटो, मेनपा ५ | ५०००००।– | हुँमागाईं गाउँ मोटर बाटो नयाँ ट्र्याक निर्माण, मेनपा ५ | ५०००००।– |

**निर्णय नं.११ :** मेलम्ची नगरपालिकाको मिति २०७९ माघ १४ गते हुने नगर सभाको तेह्रौं अधिवेशनमा निर्णयका लागि अनुसूचीमा उल्लिखित प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** मेलम्ची नगरपालिका वडा नं. ९ स्थित सुनखानी खानेपानी योजना निर्माणका लागि जम्मा रु. १,५०,३४,१६७।४० (अक्षरुपी एक करोड पचास लाख चौंतिस हजार एक सय सतसठी रुपैयाँ पैसा चालिस मात्र) को प्राविधिक लागत इष्टिमेट सहितको बृहत परियोजना प्रतिवेदन (DPR) निर्माण भएको हुँदा उक्त योजना संचालन गर्नको लागि जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक, डिभिजन खानेपानी सिन्धुपाल्चोक, चौतारा र खानेपानी विभाग, भक्तपुरमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** मेलम्ची नगरपालिकाको आ.व. २०७८/०७९ को जिन्सी निरिक्षण प्रतिवेदन आजको यस वैठकमा छलफल गर्नुको साथै नगरपालिकाबाट खरिद गरिएका सम्पूर्ण जिन्सी सामाग्रीहरु PAMS प्रणालीमा प्रविष्टि गरिएको जानकारी प्राप्त भएको तथा जिन्सी निरीक्षण सम्बन्धी विवरण छलफलका लागि आगमी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** मेलम्ची नगर अस्पतालको दरवन्दी रही अध्ययन विदामा बसी अध्ययन सम्पन्न गरी फर्किनु भएका डा. अनु श्रेष्ठको बागमती प्रदेशमा समायोजन भएता पनि हाल नगर अस्पतालमा दैनिक बिरामीहरुको चाप बढ्दै गएको र अस्पतालमा कार्यरत मेडिकल अधिकृतको संख्या समेत दुई जना मात्र रहेको हुँदा हाल कार्यरत मेडिकल अधिकृतलाई रमाना दिई पठाउँदा दैनिक स्वस्थ्य सेवा प्रवाहमा समस्या उत्पन्न हुने भएकोले निजको स्थानमा अर्को मेडिकल अधिकृतको व्यवस्था भए पछि मात्र निजलाई रमाना दिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** मिति २०७८ साल असार १ गते मेलम्ची र ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची शिखरपुर चौतारा जोड्न सडक खण्ड अन्तर्गत ईन्द्रावती नदीमा निर्माण भएको पक्की मोटर पुल पूर्ण रुपमा क्षति भई यातायातका साधनहरु संचालन र दैनिक आवतजावतमा कठिनाई उत्पन्न भएको र हालसम्म पनि पक्की मोटर पुल निर्माण भैनसकेको हुँदा उक्त स्थानमा वर्षा अगाबै बेलिब्रिज निर्माण गर्नका लागि सडक विभाग, चाकुपाट ललितपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२